**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs Date: 29.11.2024**

- **CM Flagged off for Hornbill Festival**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज बिहान गान्तोकस्थित रिज पार्कबाट नागाल्याण्डको किसामा गाउँमा पालन गरिने यस वर्षको हर्नबिल उत्सवका निम्ति सिक्किमको प्रतिनिधि टोलीलाई प्रस्थान गराउनुभयो। सिक्किमको यस टोलीमा कार र बाइक ऱ्याली पनि सामेल छ।

उल्लेखनीय छ, सांस्कृतिक सहकार्यको महत्त्वपूर्ण अवसरमा सिक्किमलाई हर्नबिल उत्सव २०२४-को सहयोगी राज्यका रूपमा घोषणा गरिएको छ। सिक्किमको टोली आगामी एकदेखि दश दिसम्बरसम्म पालन गरिने उत्सवमा सहभागी बन्नेछ।

टोलीलाई प्रस्थान गराउनअघि आफ्नो सम्बोधनमा मुख्यमन्त्रीले भन्नुभयो, यो सहकार्य हाम्रो राज्यबीच साझा सांस्कृतिक विरासत र एकताको भावनाको प्रमाण हो। प्रतिनिधि टोलीलाई एउटा आत्मनिर्भर एकाई बन्नका साथै अतिथि नभएर आयोजकको रूपमा काम गर्न प्रोत्साहित गरिएको छ। उत्सवका निम्ति साझेदार राज्य भएका कारण आयोजक पक्षमाथि भार नदिएर प्रभावकारी रूपमा राज्यलाई प्रतिनिधित्व गर्ने पनि आग्रह गरिएको छ।

मुख्यमन्त्रीले टोलीलाई नागाल्याण्डबाट सकारात्मक अनुभव संकलन गर्ने आग्रह गर्नुभयो, जसलाई राज्यको भलाइका निम्ति कार्यान्वित गर्न सकियोस्। उहाँले यस प्रतिष्ठित उत्सवमा सिक्किमको प्रशंसनीय प्रतिनिधित्व गर्ने सबैसित आग्रह गर्दै सुरक्षित यात्राको शुभकामना दिनुभयो।

यस टोलीले सिक्किम अनि यसको समृद्ध विरासतलाई उजागर गर्दै राज्यगठनको पचास वर्षको विषयका साथ यात्रा गरिरहेको छ। कुल एक सय चौंवालीसजना सदस्य रहेको टोलीमा स्वयं सहायता समूहका प्रतिनिधि, बाइक र कार ऱ्याली टोली, पत्रकार र राज्यको विभिन्न विभागका अधिकारी एवं कर्मचारीहरू सामेल छन्।

---------------------------------------X---------------------------------------

- **SHEKHAWAT Tourism Project**

सरकारले देशमा प्रसिद्ध पर्यटन स्थलहरूलाई वैश्विक मानकअनुरूप विकसित गर्न लगभग तीन हजार तीन सय करोड़ रूपियाँका चालीस परियोजनाहरूलाई स्वीकृति दिएको छ। यसमा सिक्किमको नाम्ची जिल्लाअन्तर्गत याङगाङस्थित भालेढुङ्गा स्काइवक र Border Experience, Nathula शामेल छ। तेहीसवटा राज्यका निम्ति रहेको यो परियोजनाका लागि राज्यहरूलाई विशेष सहायता प्रदान गरिनेछ, जसमाथि पचास वर्षसम्म कुनै ब्याज दिनु पर्नेछैन।

परियोजनामा पर्यटन स्थलहरूमा भीड़-भाड़ नियन्त्रित गर्न, पर्यटन स्थलहरूलाई उन्नत प्रविधियुक्त गर्न अनि आगन्तुकहरूको अनुभवलाई प्राथमिकता दिन सार्वजनिक-निजी सहभागितालाई प्रोत्साहित गर्नु सामेल छ।

यसका निम्ति प्रदेश भाजपाले सिक्किमवासीलाई बधाई दिनका साथै प्रधानमन्त्री श्री नरेन्द्र मोदीप्रति कृतज्ञता व्यक्त गरेको छ।

---------------------------------------X---------------------------------------

- **Traffic Order**

मंगन जिल्लामा पर्यटकहरूको प्रवेशलाई एक दिसम्बरदेखि खुल्ला गर्ने पर्यटन विभागको निर्णयपछि मंगनका जिल्लाधीशको कार्यालयले वाहनको आवागमन सम्बन्धमा हिजो एउटा आदेश जारी गरेको छ। यसमा भनिएअनुसार मंगनबाट टुङ-नागा भएर चुङथाङ तर्फ जाने हल्का वाहनहरूले विहान दश बजी मंगन बजार पार गर्नुपर्नेछ।

आदेशमा भनिएअनुसार ग्रेफद्वारा सड़क मरम्मतको कार्यलाई निरन्तरता दिने उद्देश्यले मंगनबाट चुङथाङ जाने वाहनका निम्ति टुङ-नागाको प्रवेश पोइन्टलाई विहान एघारदेखि बेलुकी चारबजीसम्म बन्द राखिनेछ। चुङथाङबाट मंगन र गान्तोकतर्फ जाने भारी वाहनले भने चुङथाङ-सिपग्यार-सांकलाङ-फिदाङ पुलको मार्ग अपनाउनुपर्नेछ।

---------------------------------------X---------------------------------------

- **Meeting Regarding Statehood**

राज्य गठनको पचासौं वर्षगाँठ पालनबारे चर्चा गर्न टाशीलिङ सचिवालयको सम्मेलन कक्षमा आज समीक्षा बैठक बस्यो। यो कार्यक्रम भव्य समारोहका साथ आगामी २०२५-को मई सोल्ह तारिक पालन गरिनेछ।
बैठकको अध्यक्षता गर्दै मुख्य सचिव श्री विजय भूषण पाठकले राज्यको इतिहासमा यो महत्त्वपूर्ण माइलखुट्टी हो भन्दै कार्यक्रमको सफल आयोजनाका निम्ति अधिकारीहरूबीच निर्बाध समन्वयको महत्त्वमाथि जोड़ दिनुभयो।
वर्षव्यापी रूपमा पालन गरिने यस उत्सवमा विभिन्न प्रकारका गतिविधि सामेल गरिनेछ। समारोहको सहज र सफल आयोजनाका निम्ति बैठकमा विभिन्न विभागलाई आ-आफ्नो जिम्मेवारी सुम्पियो।

---------------------------------------X---------------------------------------

- **Star Mall Re-opening**

सिक्किम गृह स्थल आवन्टन एवं भवन निर्माण (विनियमन एवं नियन्त्रण) ऐन, 1985-को उल्लङ्घनपछि बन्द गरिएको New महात्मा गान्धी (MG), Marg-स्थित Star Mall-आजदेखि आधिकारिक रूपमा खुल्ला गरिएको छ।

शहरी विकास विभागका उपनिदेशक श्री जीवन तामाङ, सदर थानाका उपनिरीक्षक श्री लोडे लेप्चा लगायत अन्यको उपस्थितिबीच गान्तोकका महकुमा अधिकारी श्री महेन्द्र छेत्रीले यो मल unsealing गर्नुभएको हो।

---------------------------------------X---------------------------------------

**Soreng: CCH Inspection**

सोरेङका अतिरिक्त जिल्लाधीश श्री DR विष्टको नेतृत्वमा रहेको जिल्ला निरीक्षण समितिको टोलीले यस जिल्लाका तीनैवटा बाल हेरचार गृहहरूको व्यापक निरीक्षण गऱ्यो।

हिजोदेखि शुरू भएर आज समापन भएको विभिन्न अधिकारीहरू सामेल दुई दिवसीय निरीक्षण भ्रमणको उद्देश्य बाल न्याय (बाल-बालिकाको हेरचाह र संरक्षण) ऐन, २०१५ र अन्य सान्दर्भिक नियमहरूको पालनाको सुनिश्चित गर्दै यी हेरचाह गृहमा रहेको अवस्था, सुविधा र कल्याणको मुल्याङ्कन गर्नु रहेको थियो।

यस अवधि श्री विष्ट लगायत टोलीका सदस्यहरूले संस्थानले भोग्नुपरेका चुनौतिहरूलाई सम्बोधन गर्नका साथै यहाँको आवश्यकताको आकलन गर्न बाल-बालीका र केन्द्रका कर्मचारी अनि प्रबन्धन पक्षसित अन्तरक्रिया गर्नुभयो।

----------------------------------------X----------------------------------------

- **EVM Shifting**

उपचुनाउ २०२४-मा प्रयोग गर्ने उद्देश्यले नाम्ची वरिष्ठ माध्यमिक विद्यालयमा रहेको स्ट्रङ रूपमा राखिएका चालीसवटा Electronic Voting Machines (EVM)-हरू आज Election Warehouse-मा सारिएको छ।

भारतीय निर्वाचन आयोगद्वारा स्थापित नियमको कड़ाइका साथ पालन गर्दै मसिनहरू स्ट्रङ रूमबाट Warehouse-मा सारियो। नाम्चीका अतिरिक्त जिल्लाधीश श्री सुभाष घिमिरेको निगरानीमा सम्पन्न प्रक्रियाअवधि निर्वाचन विभागकी उपसचिव श्रीमती भूमिका छेत्री र विभिन्न राजनीतिक पार्टीका प्रतिनिधिहरूको उपस्थिति थियो।

----------------------------------------X----------------------------------------